मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १९७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ २१ गते सोमवार (Monday, 3 Jun . 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-


'व्यवसायी राहत कोष'मा सहयोगः पृष्ठ ३मा






**हाते पंखा बनाउँदैः** सुनसरीको इनरुवा–२ का महम्मद इस्ताक खान गर्मीमा उपयोग हुने हाते पङ्खा (बेना) बनाउँदै । शारीरिक रुपमा अपाङ्गता भएका उनले पाँच वर्षदेखि हाते पङ्खा बनाउँदै आएका छन् । पङ्खाप्रति गोटा रु. २० मा बिक्री हुने उनी बताउँछन् । **तस्वीरः नवीन गड्तौला/रासस**

# खानेपानीको स्रोत जोगाउन चुरे संरक्षणमा जोड

**काठमाडौं, जेठ २०।** प्रतिनिधिसभा सदस्यहरुले चुरे क्षेत्रको विनाशका कारण खानेपानीको मुहान सुक्दै गएकाले तराईवासीले खानेपानीको चरम अभाव सामना गरिरहेका भन्दै समयमा नै चुरे जोगाउनुपर्नेमा जोड दिएका छन् ।

आर्थिक वर्ष २०८१/०८२को राजश्व र व्ययको वार्षिक अनुमानमाथि छलफल गर्न आइतवार बसेको बैठकमा सांसदहरुले तराईको खानेपानीसम्बन्धी समस्या दीर्घकालीनरुपमा समाधान गर्न चुरे बचाउनुपर्नेमा जोड दिएका हुन् । सांसद रामप्रकाश चौधरीले चुरे संरक्षण गरेर यस क्षेत्रका जनतालाई खानेपानीको समस्याबाट मुक्त गराउनुपर्नेमा जोड दिए । 'चुरे बचाऊ र पानी देऊ' भनेर २५ दिन पैदल हिँडेर तराईका महिला तथा पुरुष माइतीघर आउनुभएको छ, पानीको माग राखेर धर्नामा बस्नुभएको छ– उनले भने– यस विषयमा सरकारको ध्यान आकर्षण भएको छैन । धर्नामा बसेका मानिसको अवस्था दयनीय हुँदै गइरहेको भन्दै सरकारले गम्भीर भएर समस्या समाधान गर्नुपर्नेमा उनले जोड दिए ।

सांसद मनिष झाले चुरे दोहनका कारण तराईमा पानीको स्रोत सुक्दै गइरहेको भन्दै समयमा नै सचेत रहनका लागि ध्यानाकर्षण गरे । चुरे दोहनका कारण मधेसमा पानीको स्रोत जमिनमुनि गएको छ र पानीको समस्या बढिरहेको छ– उनले भने– संसदीय समिति बनाउने वा नबनाउने भन्ने विषयमा संसद् अवरुद्ध हुँदा जनतामा समस्या सम्बोधन हुन पाएनन् । सांसद डा. वीरेन्द्रप्रसाद महतोले मधेसमा पानीको हाहाकार



बढेको र यसमा सरकारको ध्यानाकर्षण नभएको भन्दै आपत्ति जनाए । शिक्षामा अर्बौं रकम लगानी गरी युवा विदेश गएका छन् । स्वदेशमा विद्यार्थी नपाएर शिक्षक कटौती भएको छ– उनले भने– तराईमा मिटरब्याजीको समस्या अझै समाधान छैन । यस्ता समसामयिक विषयमा सरकारको ध्यान जान जरुरी छ ।

सांसद दामोदर पौडेल वैरागीले आगामी आर्थिक वर्षका लागि विनियोजित बजेटमा ठूला भौतिक पूर्वाधार क्षेत्रका बजेट कटौती भएको भन्दै यसले आयोजना निर्माण पछाडि धकेलिएको बताए । उनले संसद् अवरुद्ध हुँदा आगलागीका भयाबह अवस्था, वन डढेलो, मावन–वन्यजन्तु द्वन्द्वका विषय छायाँमा परेको भन्दै आपत्ति जनाए । संसद् अवरुद्ध भएका कारण आगामी आवका लागि तय भएको सरकारको नीति तथा कार्यक्रम माथि देखिएका कमी–कमजोरीका विषयमा छलफल हुन पाएन– सांसद पौडेलले भने– छलफल नहुँदा यो विषयमा हामी गम्भीर हुन सकेनौं ।

सांसद ज्ञानेन्द्र शाहीले क्रिकेट खेलाडीलाई अमेरिकाले भिसा नदिएका विषयमा सरकार गम्भीर नभएको आरोप लगाए । सांसद शेरबहादुर कुँवरले दुर्गम जिल्लाका स्वास्थ्य संस्थामा राज्यको लगानी बढ्नुपर्नेमा जोड दिए ।

सांसद रेखा यादवले आगामी आवका लागि विनियोजन गरिएको बजेटमा विपन्न वर्ग, बालिबालिका, महिला तथा वृद्धलाई प्राथमिकता दिन नसकेको बताइन् । विपन्न परिवारका विद्यार्थीलाई आवासीय विद्यालय बनाउन सकिएको छैन । दलित तथा विपन्न वर्गका लागि आवासीय विद्यालय बनाइयोस्– उनले भनिन् ।

सांसद गङ्गाराम चौधरीले आगामी आवका लागि विनियोजन भएको बजेटमा कृषि क्षेत्रलाई प्राथमिकता दिन नसकिएको भन्दै आपत्ति जनाए । हाम्रा रैथाने बाली संरक्षण गर्नसकेमा पनि कृषि उत्पादन वृद्धिमा

(बाँकी अन्तिम पृष्ठमा)

## संखुवासभामा स्वास्थ्य केन्द्र र निर्माणाधीन अस्पताल पुरिए

**संखुवासभा, जेठ २०।** यहाँको भोटखोला गाउँपालिकामा वर्षासँगै आएको पहिरोले एक घरसहित स्वास्थ्य केन्द्र र निर्माणाधीन अस्पताल पुरिएका छन् ।

शुक्रबारदेखिको लगातारको वर्षापछि आएको पहिरोले भोटखोला -४ स्थित सेम्बुङ गाउँमा रिदर ज्याबु भोटेको घर पुरिएको भोटखोला गाउँपालिका अध्यक्ष वाङ्छेदर भोटेले जानकारी दिए । घर पुरिएपछि रिदर ज्याबुको परिवार छिमेकीको घरमा बसेका छन् । पहिरोले भोटखोला–४स्थित छोङराङमा माथिल्लो अरुण आयोजनाको पहुँच मार्गको शिविर र दुई वटा गाडी पनि पुरिएका उनले जानकारी दिए । सोही वडाको स्याक्सिलागोलास्थित आधारभूत स्वास्थ्य चौकीको स्वास्थ्य भवनसहित स्वास्थ्य उपकरण पहिरोले

(बाँकी अन्तिम पृष्ठमा)

## कोशी प्रदेशको नीति तथा कार्यक्रम सोमबार



**विराटनगर, जेठ २०।** कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/०८२को नीति तथा कार्यक्रम सोमबार सार्वजनिक गर्ने भएको छ ।

कोशी प्रदेशका प्रमुख परशुराम खापुङले सोमबार अपरान्ह ४

(बाँकी अन्तिम पृष्ठमा)

## स्रोत नखुलेको रकम बोक्दा...



**सुनसरी, जेठ २०।** हरिनगर गाउँपालिका–५ दुर्गा मन्दिर नजिकबाट शनिवार राति स्रोत नखुलेको रु. एक करोड एक लाखसहित एक जनालाई पक्राउ गरिएको छ ।

सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट बसन्तपुरको चेकप्वाइन्ट टोलीले घुस्की नाकाबाट हरिनगरतर्फ जाँदै गरेको बा१६च ७६१३ नम्बरको कारमा निरीक्षण गर्दा बोरामा लुकाइराखेको अवस्थामा उक्त रकम फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार हरिनगर–५का ३७ वर्षीय इशा अन्सारीलाई सो नगदसहित पक्राउ गरिएको हो । उक्त रकम हुण्डी कारोबारको भएको आशङ्का गरिएको छ । बरामद रकम, कार र चालकलाई राजश्व अनुसन्धान कार्यालय पठाइने सशस्त्र प्रहरी बल बराहबाहिनीका सहप्रवक्ता शैलेन्द्र थापाले बताए ।

उता काठमाडौंको चाबहिलबाट प्रहरीले ७२ लाख नगदसहित दुई जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले उनीहरूलाई पक्राउ गरेर अनुसन्धान गरिरहेको छ ।

पक्राउ पर्नेमा भोजपुर घर भएका ५० वर्षीय भीमसेन विश्वकर्मा र २९ वर्षीय खेमराज विश्वकर्मा छन् । सुन खरिद गर्न सो रकम ल्याएको आरोपीहरूले प्रहरीसँग बताएका छन् । चाबहिल स्थित गेस्ट हाउसबाट रकमसहित उनीहरू पक्राउ परेका हुन् ।

### ६० किलो सुन तस्करी प्रकरण

## अनुसन्धानकै क्रममा आरोपीको मृत्यु

**काठमाडौं, जेठ २०।** ६० किलो सुन तस्करी प्रकरणमा जोडिएका थप नौ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले उनीहरुलाई तीन साताअघि नै पक्राउ गरेर अनुसन्धान जारी राखेको सीआईबीका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) श्यामलाल ज्ञवालीको भनाइ छ ।

त्यसरी पक्राउ पर्नेमा काभ्रे तेमालका कान्छामान लामा उर्फ (थर्कमान) सहित नौजना छन् । अन्य केही सुन व्यवसायी समेत रहेको सीआईबी स्रोतको भनाइ छ । लामा नेपाली कांग्रेस काभ्रेका जिल्ला सदस्य समेत हुन् । सीआईबीले ६० किलो सुन तस्करीको अनुसन्धान गर्न छुट्टै टिम खडा गरेर गोप्य रुपमा अनुसन्धान जारी राखेको छ । हालसम्म पक्राउ परेका अन्य व्यक्तिबारे सीआईबीले औपचारिक जानकारी गराएको छैन ।

उनीहरुबाहेक थप अन्य आरोपी भाग्ने आशंका पछि सीआईबीले अनुसन्धान गोप्य राखेको हो । गत साउन २ मा सवारी साधनको 'ब्रेक सू'मार्फत् हङकङ हुँदै नेपाल भित्रिएको ६० किलो सुन भन्सार पार गरेर बाहिरिँदै गर्दा सिनामंगलबाट राजश्व अनुसन्धान विभागको टोलीले नियन्त्रणमा लिएको थियो । सोही घटनाको अनुसन्धान पछि सीआईबीले गरेको थियो ।

पहिलो चरणको अनुसन्धान सकेको सीआईबीले २९ जनालाई प्रतिवादी बनाएको थियो । ६० किलो बरामद भएको सुनबाट अनुसन्धान थालेको सीआईबीले सोही समूहले रेडी ट्रेड कम्पनीसहित अन्य विभिन्न डमी कम्पनी खडा गरेर ३६० किलोभन्दा बढी सुन तस्करी गरेको तथ्य खुलाएको थियो । पक्राउ परेकाहरुमाथि तीन अर्ब ५० करोड दुई लाख १६ हजार ५ सय ५२ रुपैयाँ बिगो कायम गरेको थियो ।

पक्राउ परेकाहरुमा ९ जना चिनियाँ र २० जना नेपाली थिए । हाल उनीहरु पुर्पक्षका लागि जेल चलान भएका छन् । तर, सीआईबीले पहिलो चरणको अनुसन्धान गर्दा त्रुटि गरेको भन्दै सरकारले सुनको अवैध पैठारी नियन्त्रण सम्बन्धी जाँचबुझ आयोग गठन गर्‍यो ।

सोही आयोगको प्रतिवेदनका आधारमा सीआईबीले दोस्रो चरणको अनुसन्धान थालेको हो । पहिलो चरणको अनुसन्धान गर्ने सीआईबी प्रमुख एआईजी किरण बज्राचार्यसहितको टिमलाई नै सीआईबीबाट हटाएर एआईजी श्यामलाल ज्ञवालीलाई अनुसन्धानको जिम्मा दिइएको छ ।

सुन तस्करी जाँचबुझ आयोगका अध्यक्ष डिल्लीप्रसाद आचार्य नेतृत्वको टोलीले पहिलो चरणको अनुसन्धान गर्ने प्रहरी अधिकारीलाई विभागीय कारबाहीको सिफारिस समेत गरेको थियो । यद्यपि आयोगको प्रतिवेदनमाथि नै

(बाँकी अन्तिम पृष्ठमा)

## लुक्लामा पासाङल्हामु स्मृति 'ग्यालरी' स्थापना

**सोलुखुम्बु, जेठ २०।** राष्ट्रिय विभूति एवम् पहिलो नेपाली महिला सगरमाथा आरोही पासाङल्हामु शेर्पाको स्मृति 'ग्यालरी' स्थापना गरिएको छ । उनको जीवनकालका काम र उपलब्धि स्मरण गराउने उद्देश्यले खुम्बू पासाङल्हामु गाउँपालिका–२ लुक्लामा स्मृति 'ग्यालरी' स्थापना गरिएको हो ।

पासाङल्हामु पर्वतारोहण प्रतिष्ठानले निर्माण गरेको उक्त 'ग्यालरी'को खुम्बू पासाङल्हामु गाउँपालिका–४का वडाध्यक्ष लक्ष्मण अधिकारीले लामाविधिबाट पूजापाठ गरी उद्घाटन गरियो । 'ग्यालरी'मा शेर्पाको सन् १९६१ देखि सन् १९९३ सम्मको जीवनकालका गतिविधि र हिमाल आरोहणको इतिहास समेटिएको छ । शेर्पाले गरेको लैङ्गिक समानता र नेतृत्वको भावलाई सरकारले गरेको सम्मान र उपलब्धिहरु ग्यालरीमा समावेश गरिएको प्रतिष्ठानका महासचिव छेटु शेर्पाले जानकारी दिए ।

उनको जन्मस्थल खुम्बू पासाङल्हामु गाउँपालिकामा भविष्यमा पासाङ्ल्हामु सङ्ग्रहालय स्थापना गर्ने लक्ष्यसहित उक्त कार्यको शुरुवात स्वरुप 'ग्यालरी' स्थापना गरिएको प्रतिष्ठानले जनाएको छ । उद्घाटनकै दिन स्वदेशी तथा विदेशी गरी पाँच सयभन्दा बढी पर्यटकले 'ग्यालरी' अवलोकन गरेका थिए । प्रतिष्ठानले लुक्लासँगै पोखरास्थित अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा पनि पासाङल्हामु 'ग्यालरी' स्थापना गर्ने तयारी गरेको छ ।

पासाङल्हामुले सन् १९९३ अप्रिल २२का दिन पहिलोपटक सगरमाथाको आरोहण गर्नुभएको थियो । उहाँको सगरमाथा आरोहण गर्ने पहिलो नेपाली महिला हुनुहुन्थ्यो– प्रतिष्ठानका महासचिव शेर्पाले भने– ग्यालरीमा राष्ट्रिय विभूति शेर्पाको सम्पूर्ण जानकारीसँगै सगरमाथा आरोही नेपाली महिलाहरु र प्रख्यात महिला आरोहीहरुको जानकारी समावेश गरिएको छ ।

हालसम्म ६१ जना नेपाली महिलाले सगरमाथा आरोहण गरिसकेका छन् । पासाङल्हामु पर्वतारोहण प्रतिष्ठानले नेपालमै पहिलोपटक 'इन्डोर वाल क्लाइम्बिङ सेन्टर' स्थापना गरी पर्वतारोहणको प्रवर्द्धन र लुक्लामा पासाङल्हामु निकोल निकी अस्पताल सञ्चालन गर्दै आएको छ ।

# सम्पर्कमा नआउने सहकारी खारेज गर्न सुझाव

**काठमाडौं, जेठ २०** काठमाडौं महानगरपालिका कार्य क्षेत्र भइ सम्पर्कमा नआएका करिब नौ सय सहकारीको दर्ता खारेजी गर्न विज्ञले सुझाव दिएका छन् ।

पहिले परिपत्र गर्नु, त्यसको जवाफ प्राप्त भएन भने ठेगाना उल्लेख गरेर सञ्चालक, सदस्य, बचतकर्ताहरुका नाममा सम्पर्क गर्न सार्वजनिक सूचना जारी गर्नु, यति गर्दा पनि कोही सम्पर्कमा आएनन् भने खारेजीको प्रक्रियामा लैजानू– सहकारीविज्ञ काशीराज दाहालले भने– यो सहकारी समस्या समाधानका लागि थाल्नुपर्ने प्रक्रिया हो ।

उक्त प्रक्रिया अवलम्बन गर्न थालेपछि सरोकारवाला सम्पर्कमा आउने र सञ्चालक नआए बचतकर्ता सम्पर्कमा आउने उनले बताए । बचतकर्ताको सम्पर्कबाट सञ्चालक भेटिने ठाउँमा पुग्न सहयोग पुग्ने कामपा सहकारी विभागले आयोजना गरेको 'सहकारी उत्थानका लागि अध्ययन, अनुसन्धान' विषयक कार्यक्रममा दाहालले बताएका हुन् । कामपा कार्य क्षेत्र भएका एक हजार नौ सय २३ सहकारी संस्थामध्ये गत आर्थिक वर्षमा नौ सय ६८ सहकारीले विवरण पेस गरेका छन् ।

नियमानुसार प्रत्येक सहकारीले एक वर्षभित्र गरेको क्रियाकलापको जानकारी गराउनुपर्ने हुन्छ । विवरण पेस गर्न विभागको पटक–पटकको सूचनालाई बेवास्ता गरेपछि कामपाले अनुगमन गरी कारबाहीको तयारी गरेको हो ।

कामपा सामाजिक विकास विभागका निमित्त प्रमुख बिमला कोइरालाले, सहकारीमा देखिएका समस्याले मुख्य असर बचतकर्तालाई परेको बताइन् । कामपा सहकारी विभागका प्रमुख बलराम त्रिपाठीका अनुसार संवैधानिक व्यवस्था अनुसार वि.सं. २०७५ साउन १ गतेदेखि देशका सबै डिभिजन सहकारी कार्यालय खारेजी भई सम्बन्धित स्थानीय तहले सहकारी नियमन र अनुगमन गर्दै आएको छ ।

सहकारी स्थानीय तहलाई हस्तान्तरण हुनुअघि वि.सं. २०७४मा कामपाले सहकारी ऐन जारी गरिसकेको थियो । सोही ऐनअनुरूप सहकारी सञ्चालन भइरहेका छन् । कामपामा रहेका सहकारीमध्ये एक हजार ६ सय २८ वटा बचत तथा ऋण सहकारी, दुई सय ६४ बहुउद्देश्यीय सहकारी, तीनवटा श्रमिक सहकारी, १५ वटा कृषि सहकारी, १३ वटा उपभोक्ता सहकारी, तीनवटा सीपमूलक सहकारी, दुईवटा शिक्षा सहकारी छन् ।

सञ्चार, पर्यटन, चिया र साझा क्षेत्रका जम्मा एक–एकवटा सहकारी छन् । कामपाले पछिल्लो समय यस क्षेत्रमा देखिएका समस्या समाधानका लागि समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठन गर्ने तयारी गरेको छ । नेपालमा करिब ३२ हजार सहकारी छन् ।

## डेढ अर्ब ठगी आरोपी लामा सार्वजनिक



**काठमाडौं, जेठ २०।** सहकारी ठगी प्रकरणमा पक्राउ परेका चन्द्रबहादुर लामा (सीबी) लाई प्रहरीले सार्वजनिक गरेको छ । शनिबार काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले पत्रकार सम्मेलन गर्दै दुई दिन अघि पक्राउ परेका लामालाई सार्वजनिक गरेको हो ।

(बाँकी अन्तिम पृष्ठमा)

# वीएण्डसीमा निःशुल्क हेमोडाइलाइसिस सेवा




**बिर्तामोड, जेठ २०।** झापको बिर्तामोडमा रहेको वीएण्डसी टिचिङ हस्पिटलले विपन्न नागरिक उपचार कोषअन्तर्गत निःशुल्क हेमोडाइलाइसिस कार्यक्रम सञ्चालनमा ल्याएको छ।

हस्पिटलमा आइतवार पत्रकार सम्मेलन गरेर आइतवारबाट शुरु भएको निःशुल्क हेमोडाइलाइसिस कार्यक्रमबारे जानकारी दिइएको हो। कार्यक्रम अन्तर्गत नेपाल सरकारले तोके बमोजिम मृगौलाका बिरामीहरुलाई निःशुल्क रुपमा हेमोडाइलाइसिस सेवा प्रदान गरिने अस्पतालका सूचना अधिकारी प्रमिश गिरीले जानकारी दिए।

कार्यक्रममा कुनै पनि मृगौलाका बिरामीहरुले निःशुल्क रुपमा हेमोडाइलाइसिस सेवा लिन पाउने गिरीले बताए। निःशुल्क सेवा लिनको लागि बिरामी अस्पतालको ओपिडी वा इमरजेन्सीमा आएपछि चिकित्सकले आवश्यक स्वास्थ्य परीक्षण गरी मृगौलामा समस्या देखिएको र मृगौलाको हेमोडाइलाइसिस गर्नुपर्ने देखिएमा बिरामीको स्थायी ठेगाना भएको स्थानीय तहलाई सम्बोधन गरी विपन्न नागरिक औषधि कोषअन्तर्गत निःशुल्क हेमोडाइलाइसिस सेवाको लागि सिफरिसका लागि अस्पतालले सिफरिसपत्र उपलब्ध गराउनेछ।

त्यस्तै, बिरामीको परिवारको सदस्यले उक्त सिफरिसपत्र सम्बन्धित स्थानीय तहमा पेस गरेपछि पालिकाको प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य शाखाको प्रमुख रहेको समितिले निर्णय गरेर निर्णयको प्रतिलिपिसहित अस्पताललाई सिफारिस-पत्र पठाउनुपर्नेछ। स्थानीय तहको सिफारिसपत्रको आधारमा अस्पतालले बिरामीसँग सम्बन्धित अन्य आवश्यक कागजातहरु संलग्न गरेर अस्पतालको सामाजिक सुरक्षा इकाइमा पेस गरेपछि निःशुल्क हेमाडाइलाइसिस सेवा प्राप्त गर्न सकिने गिरीको भनाइ छ।

कार्यक्रम अन्तर्गत बिरामीको उपचार प्रक्रियामा अस्पतालमा कार्यरत डाक्टर गोपाल मिश्र, डाक्टर मुक्ति देवकोटा, डाक्टर वासुदेव बाँस्कोटा, डाक्टर राजु श्रेष्ठ, डाक्टर अमितकुमार शाह लगायतको चिकित्सक एवम् अन्य स्वास्थ्यकर्मीहरुको समूह संलग्न रहने अस्पतालले जनाएको छ। हाल वीएण्डसीमा पाँचवटा हेमाडाइलाइसिस मेसिन रहेको र चाँडै थप गरेर २० वटा पुऱ्याइने गिरीले बताए। यसैबीच, हेमाडाइलाइसिसका लागि अस्पतालमा फिस्टुला बनाउने तथा सघन उपचारको पनि व्यवस्था रहेको पत्रकार सम्मेलनमा जानकारी दिइयो।

## दुर्घटनामा एक जनाको मृत्यु

**झापा, जेठ २०।** सवारी दुर्घटनामा परी मेचीनगर-१२ कालीझोडास्थित पूर्वपश्चिम महेन्द्र राजमार्गमा एक जनाको मृत्यु भएको छ।

बिर्तामोडबाट चारआलीतर्फ जाँदै गरेको प्र.१-०१-०१४प.८७८२ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको मे. ११प. २०२८ नम्वरको मोटरसाइकल आपसमा ठक्कर खाई दुर्घटना हुँदा प्र.१-०१-०१४प. ८७८२ नम्बरको मोटरसाइकल चालक भद्रपुर-१० बस्ने बर्ष अन्दाजी ५२ का नेत्रप्रसाद परियार सडकमा लडेका थिए।

त्यही बेला बिर्तामोडबाट चारआलीतर्फ आउँदै गरेको मे.१ख.३२५१ नम्वरको बसले ठक्कर दिई गम्भीर घाइते भई परियारलाई बीएण्डसी अस्पताल बिर्तामोड झापा पठाएकोमा अस्पताल पुग्नसाथ राति ८ बजे चिकित्सकले मृत घोषणा गरेका थिए।

दुर्घटनामा मे.११ प.२०२८ नम्वरको मोटरसाइकल चालक हल्दिवारी गाउँपालिका-४ बस्ने बर्ष अन्दाजी ३१का सन्तोष मेचेको टाउकोमा चोट लागेको, सोही मोटरसाइकलमा पछाडि सवार सोही ठाउँ बस्ने बर्ष अन्दाजी ३१का सुरज मेचेको दाहिने हात र खुट्टामा चोट लागेको र बोल्न सक्ने दुवै घाइतेको सोही अस्पतालमा उपचार भइरहेको छ।

विश्वकप टी-२०मा वाइवाइको घोषणा

# हरेक रनलाई पुरस्कार, सुपर ८ मा पुगे ३० लाख

**काठमाडौं, जेठ २०।** वाइ वाइ चाउचाउले जारी आईसीसी टी-२० विश्वकपमा सहभागी नेपाली राष्ट्रिय टिमलाई प्रोत्साहित गर्न ठूलो राशिको पुरस्कार घोषणा गरेको छ।

यसअनुसार जारी विश्वकपको सुपर-८मा पुग्न सफल भएमा नेपाली राष्ट्रिय टिमलाई वाइ वाइ चाउचाउले नगद ३० लाख रुपैयाँ पुरस्कार दिने सीजी फुड्स नेपाल लिमिटेडले जनाएको छ।

यो घोषणासँगै नेपाली क्रिकेटको राष्ट्रिय टिमले जारी टी-२० विश्वकपको सुपर-८ पुग्नासाथ वाइ वाइ चाउचाउको तर्फबाट नगद ३० लाख प्राप्त गर्नेछ। यसका साथै वाइ वाइ चाउचाउले जारी विश्वकपमा नेपालको जितको श्रृखंला अगाडि बढाउन खेलाडीहरुको मनोबल उच्च पार्ने उद्देश्यले अन्य विभिन्न पुरस्कारहरुको पनि घोषणा गरेको छ।

जसमा प्रत्येक रन बनाएवापत १ हजार, प्रत्येक चौकाबापत ८ हजार, प्रत्येक छक्काबापत १२ हजार, प्रत्येक विकेटबापत १५ हजार, प्रत्येक अर्धशतकबापत ५० हजार, प्रत्येक शतकबापत १ लाख र नेपाली टिमको प्रत्येक जितमा १ लाख ५० हजार रूपैयाँ नगद




उपलब्ध गराउनेछ।

नेपाल क्रिकेट संघ (क्यान) सँगको सहकार्यमा यी पुरस्कारहरू घोषणा गरिएको हो। यसका लागि सीजी फुड्स नेपाल लिमिटेड र क्यानवीच सम्झौतापत्रमा हस्ताक्षर भएको छ। यो पुरस्कार घोषणाले नेपाली खेलाडीहरूलाई उच्च प्रदर्शन गर्न थप प्रोत्साहन मिल्ने विश्वास गरिएको छ। चौधरी ग्रुप अन्तर्गतको सीजी फुड्सले विगत २० वर्षदेखि नेपालको यू-१९ क्रिकेटको प्रायोजन गर्दै आएको छ।

'हामी प्रत्येक नेपालीलाई नेपाली राष्ट्रिय टिमले टि-२० क्रिकेट विश्वकपको ट्रफी उचालेको हेर्न उत्कट चाहना छ। हाम्रा खेलाडीहरू त्यसका लागि योग्य छन् ता पनि उनीहरूको हौसलालाई अझै माथि उठाउनु हाम्रो कर्तव्य हो'- चौधरी ग्रुपका प्रवन्ध निर्देशक निर्वाण चौधरीले भने- 'वाइ वाइले बिगत २० बर्षदेखि नेपाली क्रिकेटको विकासमा सहयात्रा गरिरहेको छ। र, नेपालले विश्वकप खेल्ने यस ऐतिहासिक क्षणमा वाइ वाइ हाम्रा खेलाडीहरूकै साथमा छ भन्ने यो अर्को प्रमाण हो।'

नेपालले टि-२० विश्वकपको श्रृंखला अन्तर्गत आफ्नो पहिलो खेल नेदरल्याण्डसँग मंगलबार खेल्दैछ। त्यस्तै टेष्ट मान्यताप्राप्त साउथ अफ्रिका, श्रीलंका र बंगलादेशसँग पनि नेपालले पहिलो चरणमा खेल्ने तालिका छ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यक भन्छन् -

# नागरिकता पाउन लिङ्ग परिवर्तन गर्नुपर्ने बाध्यता कहिलेसम्म ?

**झापा, जेठ २०।** उनलाई पुरुषको नामबाट नागरिकता लिन कत्ति पनि मन थिएन। आठ वर्षअघि जिल्ला प्रशासन कार्यालय कैलालीबाट नागरिकता लिँदाको क्षण सम्झँदै धनगढीकी साम्राज्ञी बोगटीले भनिन्- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको सूचीमा हुँदाहुँदै पुरुषको नामबाट नागरिकता बनाउनु पर्दा निकै दुःख लाग्यो। आत्मसम्मानमा चोट लागेको मैले महशस गरेँ।

वि.सं. २०७२ को पुस ६ गते जिल्ला प्रशासन कार्यालय कैलालीबाट उनले दलबहादुर बोगटीको नाममा नागरिकता लिएकी थिइन्। जन्मँदा पुरुष भएर जन्मिए पनि बढ्दो उमेरसँगै आफूलाई महिला अनुभूत गर्न थालेको बताउने उनी लामो समयसम्म सामाजिक डरले खुल्न सकेकी थिइनन्।

बिस्तारै उनले आफ्नो नाम दलबहादुरबाट साम्राज्ञी बोगटी राखिन्। उनी भन्छिन्- ट्रान्सजेन्डर महिला भएको थाहा पाएपछि बल्ल समाज र आफ्नै जीवनसँगको लडाइँ शुरू भयो। चिकित्सकबाट प्रमाणीकरणमा उनको चाहना साम्राज्ञी बोगटीको नामबाट नागरिकता बनिदिए हुन्थ्यो भन्ने थियो। तर, कानूनी जटिलाताका कारण सम्भव नहुँदा उनी चुप लागेर बसेको बताउँछिन्।

जसरी पनि नागरिकताको पुरानो नाम र लिङ्ग परिवर्तन गर्ने अधुरो चाहना पूरा गर्न विदेशमा गएर उनले शल्यक्रियामार्फत् लिङ्ग परिवर्तन पनि गरिन्। इच्छाएको एक थान नागरिकताका लागि लाखौं खर्चेर शल्यक्रिया गराएँ। तर, नागरिकता अझै पाएकी छैन- उनले भनिन्।

नौ महिनाअघि उनले जिल्ला प्रशासन कार्यालय कैलालीमा नाम र लिङ्ग परिवर्तनको माग गर्दै निवेदन दिएकी छिन्। निवेदनमा नाम साम्राज्ञी बोगटी र लिङ्ग 'अन्य' कायम गरी पाऊँ भन्ने छ। हिजोआज मोडलिङ पेशामा व्यस्त साम्राज्ञी इच्छाइएको विवरणसहितको नागरिकता पाउने दिनको पखाईमा रहेको बताउँछिन्।

जिल्ला प्रशासन कार्यालय कैलालीका प्रमुख प्रशासकीय अधिकृत शिवराज जोशी सो निवेदनसम्बन्धी जानकारी गृह मन्त्रालयमा पठाइएको बताउँछन्। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई प्रमाणका आधारमा 'अन्य' को नाममा नागरिकता दिँदै आए पनि इच्छाइएको नामबाट नागरिकता दिने अधिकार हामीलाई नभएका कारण समस्या भएको हो- जोशीले भने। नागरिकतामा भएको नाम र लिङ्ग परिवर्तन गर्न चिकित्सकबाट तेस्रोलिङ्गी भएको प्रमाणीकरण गर्नुपर्ने अवस्था छ।

**ठाउँ-ठाउँमा झमेला**

नेपालमा लैङ्गिक पहिचान उल्लेख गरिएको नागरिकता प्राप्त गर्नकालागि व्यक्तिले चिकित्सकीय प्रकृयाबाट लिङ्ग परिवर्तन गर्नुपर्ने कुनै कानूनी व्यवस्था नभए पनि राज्यले यौनिक तथा अल्पसंख्यक समुदायका व्यक्तिलाई पहिचानको नागरिकताका लागि शल्यक्रिया गरेको चिकित्सकीय प्रमाणपत्र माग्ने गरेको दुःखेसो उनीहरूले गर्ने गरेका छन्।

साम्राज्ञीले गुनासो गरिन्- नेपालमा सम्भव नहुँदा शल्यक्रिया विदेशमा गर्नुपर्ने बाध्यता छ। सबैको आर्थिक अवस्थाले भ्याउँदैन। शल्यक्रिया गर्नुपर्ने प्रावधान हामीजस्ताका लागि ठूलो समस्या र चुनौती बनेको छ। पुरुष भएर जन्मिए पनि महिला स्वभाव वा महिला भएर जन्मिए पनि पुरुष स्वभाव भएका धेरैले साम्राज्ञीले जस्तै इच्छाइएको नामबाट नागरिकता बनाउन नसकेको बताइन्छ।

आफूलाई तेस्रोलिङ्गी भनेर चिनाउन रुचाउने समुदायलाई अझै फराकिलो हृदयले समाजले स्वीकार्न नसकेको भन्दै राज्यले नागरिकता दिने सवालमासमेत विभेद गरेको उनीहरूको भनाइ छ।

धनगढीकै आशिका चौधरी भन्छिन्- शुरूमा त हामीलाई वडा कार्यालयको सिफारिस लगायतका आवश्यक कागजात जुटाउनै समस्या हुन्छ। त्यसपछि जिल्ला प्रशासन गयो, त्यहाँ पनि यो भएन, त्यो भएन भन्ने हुन्छ। दिक्क भएर फर्किनुको विकल्प हुँदैन।

यसरी उनीहरुले एकातिर 'अन्य' का नाममा नागरिकता लिन समस्या झेल्नु परिरहेको र अर्कोतिर इच्छाइएको नाममा नागरिकता नहुँदा ठाउँ-ठाउँमा दुःख पाउनु परेको बताएका छन्। एक वर्षअघि धनगढीको कर कार्यालयमा स्थायी लेखा नम्बर लिन जाँदा कार्यालय प्रमुखले 'कसको नागरिकता बोकी आउनुभयो भनेर गरेको प्रश्न' आशिका अहिले पनि सम्झिन्छिन्।



नागरिकतामा ढाका टोपी लगाएको फोटो हुन्छ। सरकारी कार्यालयमा जाँदा सम्बन्धित फाँटका कर्मचारी त्यही फोटो हेर्दै प्रश्न गर्छन्- उनले भनिन्।

**करुणाको भोगाइ**

कैलाली जिल्लामा 'अन्य' लिङ्ग उल्लेख गरेर नागरिकता पाउन केही सहज भए पनि सुदूरपश्चिमका अन्य जिल्लामा त्यो स्थिति नभएको प्रभावितहरूले बताएका छन्। पहिले नै पुरानो नाम र पहिचान सहित नागरिकता लिइसकेकाले नाम र लिङ्ग परिवर्तन गर्न गाह्रो हुने गरेको बताइन्छ। कसैले नाम र लिङ्ग परिवर्तन गर्न चाहे शल्यक्रिया गरेको प्रमाण-पत्र माग गर्ने गरिएको अनुभवीहरूले बताएका छन्।

अहिले हाम्रो माग भनेकै इच्छाइएको नाममा नागरिकता पाउनुपर्छ भन्ने हो। सर्जरी प्रमाणपत्र नहुँदा अहिलेसम्म मैले पनि नागरिकता पाउन सकेको छैन। सर्जरी गरेर लिङ्ग परिवर्तन भएको देखाउनुपर्ने प्रावधानले हामी समस्यामा छौं। नागरिकताका लागि लिङ्ग परिवर्तन गर्नुपर्ने विडम्बना कहिलेसम्म ?- करुणा नेपाल भन्छिन्।

यही समुदायको हकहितका लागि काम गर्दै आएको संस्था सुदूरपश्चिम समाजकी अध्यक्षसमेत रहेकी उनी विदेशमा गएर लिङ्ग परिवर्तन गराउन धेरैको हकमा असम्भवप्रायः भएको बताउँछिन्।

मलाई घरपरिवार र गाउँमा सबैले रोशन भनेर बोलाउँथे। पछि मैले नाम परिवर्तन गर्दै आफूलाई करुणा नेपाल भनेर चिनाउन थालेँ। छोरो मान्छे एक्कासि छोरी भएको देख्दा सबैले आश्चर्य मानेका थिए। धेरैले हेयको भावले पनि हेरे। तर, मैले यो लडाइँ लड्नै नै थिएँ। अहिले म सुदूरपश्चिम समाजको अध्यक्ष भएर काम गरिरहेकी छु- उनले भनिन्।

**गृहमन्त्रीलाई ज्ञापनपत्र**

हालै नीलहिरा समाजका प्रतिनिधिले आफ्नो समुदायले झेल्नुपरेको नागरिकताको समस्याका विषयमा गृहमन्त्री रवि लामिछानेलाई ज्ञापनपत्र बुझाएका छन्।

गृहमन्त्रीसँगको भेटमा स्वअनुभूतिका आधारमा नागरिकता पाउने व्यवस्थाको पहल गरिदिन माग गरेको समाजकी अध्यक्ष पिङ्की गुरुङले बताइन्।

नागरिकतासम्बन्धी कार्यविधि बन्ने चर्चा चलिरहँदा उनीहरूले गृहमन्त्रीमार्फत् सरकारको ध्यानाकर्षण गराएका हुन्। गुरुङ भन्छिन्- पहिचान भन्ने कुरा अनुभूतिसँग जोडिएको हुन्छ। यसकारण स्वअनुभूतिका आधारमा नागरिकता पाउनुपर्छ र राजनीतिक संरचनाभित्र यौनिक तथा अल्पसंख्यकका समस्या अटाउनुपर्छ भन्ने हाम्रो भनाइ हो।

एकातिर 'अन्य' लिङ्ग उल्लेख गरेर कठिनाइपूर्वक लिएको नागरिकता प्रमाणपत्रले पनि एक नागरिकका रूपमा आफ्ना हकअधिकार सुनिश्चित नगरेको तर्क उनीहरूको छ।

गुरुङ भन्छिन्- सरकारले नागरिकता त दियो तर सरकारी ढोका हाम्रा लागि खुला भएन। हामीलाई दिएको नागरिकता सरकारी सेवामा पनि नचल्ने जस्तो भयो। सरकारका विभिन्न निकायमा हामी समावेश हुन सक्ने अवस्था छैन। संविधानले समानता र समावेशिताको व्याख्या गरे पनि व्यवहारमा हाम्रा सवालमा लागू नहुनु सबैभन्दा दुःखद् पक्ष हो।

**धेरैजना नागरिकताविहीन**

नेपालको संविधान २०७२को धारा १२, १८ र ४२ ले यौनिक तथा लैङ्गिक अल्पसंख्यको नागरिकता, समानता र सामाजिक न्यायको हक सुनिश्चित गरेको छ।

यही समुदायको एक संस्था सुदूरपश्चिम समाजका कार्यक्रम संयोजक राजु लामा संविधान प्रदत्त अधिकारको पूरापूर उपभोग गर्न नपाउँदा तेस्रोलिङ्गी समुदाय थप समस्यामा परेको बताउँछन्।

उनी भन्छन्- कम्तीमा अरू नागरिक सरह नागरिकता त सहजै पाउनुपर्ने हो नि। त्यसमा पनि हामीमाथि विभेद गरिएको छ। कुनै पनि व्यक्तिले आफ्नो स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान पाउनु उसको नितान्त वैयक्तिक अधिकार हो। यसमा राज्यको कुनै पनि कानूनले जैविक लिङ्ग के हो भनी निर्धारण गर्नु अन्यायपूर्ण हुन्छ।

कार्यक्रम संयोजक लामाका अनुसार सुदूरपश्चिमभरि तेस्रोलिङ्गीको यकिन तथ्याङ्क भेटाउन गाह्रो छ। तथ्याङ्क सङ्कलनको जटिलता हुनुमा नागरिकताको सवाल पनि एक हो। उनको भनाइमा तेस्रोलिङ्गी भएर पनि पारिवारिक एवम् सामाजिक डरले धेरैले जन्मकै लिङ्गका आधारमा नागरिकता लिएका छन्। वीवीसी

## कोशी प्रदेशको ...

बजे कोशी प्रदेश सभालाई सम्बोधन गर्ने कार्यक्रम तय भएको प्रदेशसभा सचिवालयका सूचना अधिकारी निरोज ढकालले जानकारी दिए। प्रदेश प्रमुख खापुङले प्रदेशसभा नियमावली, २०७४ को नियम ६को उपनियम ३ बमोजिम बैठकलाई सम्बोधन गर्नेछन्।

## संखुवासभामा ...

पुरिँदा लाखौंको क्षति भएको छ।

त्यस्तैगरी सोही स्थानमा निर्माणाधीन पाँच शय्याको अस्पताल पुरिएको अध्यक्ष भोटेले बताए। उनका अनुसार कुनै मानवीय क्षति भने भएको छैन। छोडराडस्थित ग्रामीण विद्युत् कम्पनीको सामग्री बगाएको छ। बाढीपहिरोबाट भएको क्षतिबारे यकिन विवरण प्राप्त भएको छैन। पहिरोले भोटखोलाका विभिन्न सडक अवरुद्ध भएका छन्।

## खानेपानीको ...

योगदान पुग्नसक्छ- उनले भने- सरकारले अन्न तरकारी तथा फलफूलमा अनुदान र कृषिलाई प्राथमिकता दिन आवश्यक छ। यसका लागि कृषि पकेट क्षेत्र घोषणा गर्नुपर्छ। उनले किसानका लागि 'किसान कार्ड'को नीति ल्याएर वास्तविक किसानमा अनुदान पुऱ्याउनुपर्नेमा जोड दिए।

सांसद प्रेम सुवालले जमिनमुनिको पानी तान्दा काठमाडौं भासिने खतरा बढिरहेको भन्दै समयमा नै सचेत हुनुपर्नेमा जोड दिए। जलवायु परिवर्तनका कारण दुई डिग्री सेल्सियस तापक्रम बढ्ने अवस्था आएको, किसान खडेरीको मारमा परेका छन्। जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा असर पुऱ्याउने भएकाले हिमाल जोगाउन सबै लाग्नुपर्नेछ- उनले प्रश्न गरे- यसबारे सरकारको ध्यान कहिले जाने ?

सांसद चित्रबहादुर केसीले सहकारीको रकम हिनामिना गर्नेलाई राज्यले संरक्षण गर्न नहुने बताए। सांसद प्रभु साहले वैदेशिक रोजगारीमा जानेमाथि ठगी भइरहेको भन्दै उनीहरुलाई न्याय दिलाउनुपर्नेमा जोड दिए। सांसद अमृता अग्रहरिले सरकारले नीहित स्वार्थ छाडेर जनताका हितमा काम गर्न सुझाव दिइन्। बजेट जनतामुखी हुनु आवश्यक छ। जहाँ बढी जनसङ्ख्या छ त्यहाँ बढी विनियोजन हुनुपर्छ- उनले भनिन्। सांसद सूर्यकुमारी श्रेष्ठले महिला बालिबालिका मन्त्रालय र कृषि मन्त्रालयको बजेट सिलिङ कम भएको भन्दै आपत्ति जनाइन्।

## डेढ ...

कान्तिपुर सहकारीको पूर्वअध्यक्षका रूपमा करिब डेढ अर्ब रुपैयाँ ठगी गरेको आरोपमा लामा पक्राउ परेका हुन्। लामाले पत्रकारहरूसँग आफूमाथि झुटो आरोप लागेको बताए। उनले प्रहरीको प्रतिवेदन र अदालतले गर्ने निर्णयले धेरै कुरा छर्लङ्ग पार्ने बताए। उनले भने- 'मास्क खोलिदिनुपर्छ भने म खोल्छु। तपाईंहरूले पनि त चिन्नुपऱ्यो। राम्रोसँग फोटो खिच्नुहोस्। अब चाहिँ मैले न्याय पाउँछु जस्तो लागेको छ। मलाई आशा छ तपाईंहरूले सत्य-तथ्य समाचार सम्प्रेषण गरेर मलाई न्याय दिनुहुन्छ। प्रहरीको प्रतिवेदन र अदालतले गर्ने निर्णयले धेरै कुरा छर्लङ्ग पार्छ।' केन्द्रीय अनुसन्धान ब्युरोले उनीमाथि अनुसन्धान गरिरहेको छ।

कान्तिपुरका ८ सय ५२ जनाले १ अर्ब ५१ करोड ८५ लाख ५२ हजार २७ रुपैयाँ फिर्ताको माग दिएर लामाविरुद्ध उजुरी हालेका छन्। यो थपिने क्रममा छ। त्यस्तै पशुपति सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ विरुद्ध समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयमा ५४ जनाको निवेदन परेको छ। पशुपति सेभिङविरुद्धमा १२ करोडको हाराहारीमा बिगो मागदाबी रहेको छ।

## अनुसन्धानकै ...

प्रश्न उठेपछि कारबाही प्रक्रिया नै रोकिएको छ।

**अनुसन्धानकै क्रममा शंकास्पद मृत्यु**

सीआईबीले अनुसन्धान जारी राखेको सुन तस्करी प्रकरणको अनुसन्धानबाट थप नयाँ-नयाँ तथ्य फेला पर्दै आएका छन्। सीआईबी स्रोतका अनुसार पहिलो चरणको सुन तस्करीबारे अनुसन्धान जारी नै रहेका बेला एकजना सुन तस्करीका आरोपीले आत्महत्यासमेत गरेको दाबी छ।

यद्यपि उनको मृत्युलाई समेत शंकास्पद रुपमा हेरिएको छ। बौद्धस्थित गोम्बु लामाले आफ्नै घरमा आत्महत्या गरेको खुलेको हो। विष सेवनबाट घाइते लामाको चाबहिलस्थित ओम अस्पतालमा मृत्यु भएको खुलेको सीआईबी स्रोतले बतायो। उनलाई पहिलो चरणको अनुसन्धानका क्रममा सोधपुछका लागि सीआईबीमा समेत बोलाइएको पाइएको छ। तर, सोधपुछपछि छुटेका उनले विष सेवन गरेर आत्महत्या गरेको पाइएको स्रोत बताउँछ।

पहिलो चरणको अनुसन्धान गर्ने एक अधिकारीका अनुसार त्यतिबेला लामाबारे प्रमाण नपुगेपछि सोधपुछ गरेर मात्रै छाडिएको स्वीकारे। तर, हालको अनुसन्धान टोलीले भने उनकोसमेत संलग्नता खुलेको दाबी गरेको छ।


## विहानको समय रोजगारीको अवसर

तपाई विहान ६ बजेदेखि ७ बजे एक घण्टाको समय फुर्सद हुनुहुन्छ ?
यदि हुनुहुन्छ भने हामी तपाईलाई पत्रिका वितरण गर्ने काम दिन्छौं।
- पत्रिका वितरण गर्ने क्षेत्र : शनिश्चरे बजार आसपास।
- अनिवार्य आफ्नै साइकल भएको हुनु पर्ने छ।
- साथै शनिश्चरे आस[redacted]
- दिउँसो स्कूल पढ्नेह[redacted]
सम्पर्क : ९८१६९[redacted]



## राहदानी हरायो

अर्जुनधाराबाट बिर्तामोड जाने क्रममा यही मिति २०८१/०१/०७ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।

**नाम**:- हरिभक्त पोखरेल
**हाल ठेगाना**:- अर्जुनधारा-७, झापा
**साविक ठेगाना**:- गाईघाट, उदयपुर
**राहदानी नं.**:- ०८९८४६५५
**सम्पर्क नं.** :- ९८१४९६२२०५



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई




बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९[redacted]वाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ [redacted] ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन[redacted]052@gmail .com

पूर्वाञ्चल

**सम्पादकीय**

## दूग्ध उत्पादन निर्यातमा जोड देऊ

**कुनै पनि देशको समृद्धि उसको उत्पादन र आत्मनिर्भरताले मात्र सम्भव हुन्छ । हाम्रो देशको अर्थतन्त्रको मूल आधार भनिएको कृषि व्यवस्थाको पछिल्लो अवस्थाले हामी समृद्धिभन्दा परनिर्भरताको चक्रमा पर्दै गएको भान हुन्छ । नेपाललाई कृषि प्रधान देश भन्दै, पढ्दै र सुन्दै आएका नेपालीका लागि यो अवस्था दुर्भाग्यपूर्ण हो, जहाँ कृषि उत्पादनकै लागि अरु देशहरुको मुख ताक्नुपर्ने भएको छ । नेपालले प्रत्येक वर्ष खर्बौं रुपैयाँ बराबरको कृषि उत्पादन आयात गरिरहेको छ भने यहाँ उत्पादित कृषि वस्तुले मूल्य नपाएर, बजार नभएर र राज्यको यथोचित ध्यान नपुगेर परनिर्भरतालाई मलजल गरिरहेको छ । राज्य अर्थात् सरकारका तर्फबाट अभिभावकीय भूमिका निर्वाह नगरेकै कारण हाम्रा तीस लाखभन्दा बढी दूध उत्पादक किसान अमृत सरहको दूध सडकमा पोख्न बाध्य भएका छन् ।**

**बिक्री भएको दूधको पैसा नपाएको भन्दै पटक–पटक आन्दोलित भएका किसान दूग्ध विकास संस्थान र सरकारप्रति आक्रोशित भइरहनु समग्र अर्थव्यवस्थाका लागि सुखद् विषय होइन । देशमा रोजगारको अवसर नपाएर विदेशिने लाखौं युवाहरुलाई देशमै रोक्ने र टिकाउने वातावरण निर्माण गर्नु राज्यको दायित्व हो । तर, सरकार त्यतातर्फ संवेदनशील रहेको पाइएको छैन । अहिले कै परिस्थितिमा पनि कतिपय युवा स्वेदशमा उद्यमी बन्ने योजनाका साथ कृषि कर्ममै लागेका पनि छन् । तर, उनीहरुलाई प्रोत्साहित गर्ने काम सरकारले नगरेको गुनासो प्रकट भइरहेको छ । भूगोल, हावापानी, वातावरण लगायतका कारणले दूग्ध उत्पादनलाई व्यावसायिकता दिन संगठीत भएका कृषकहरुले हाल दैनिक ६५ देखि ७० लाख लिटर दूध उत्पादन गरिरहेका छन् । यस हिसाबले वार्षिक २५ लाख ७० हजार मेट्रिक टन दूध उत्पादन हुने गरेको तथ्यांक छ ।**

**किसानहरुले उत्पादन गरेको दूधको करिब पचास प्रतिशत बजारमा खपत हुन्छ । त्यसको ठूलो हिस्सा खरिद गर्ने दूग्ध विकास संस्थान हो । संस्थानको भण्डारमा झण्डै दुई अर्बको उत्पादन थन्किएको बताइएको छ । जसका कारण उसले किसानलाई भुक्तानी दिन सकेको छैन भने किसानलाई व्यावसायिक गाईपालक बन्न बाधा पुऱ्याइरहेको छ । किसानलाई समृद्ध बनाउन व्यावसायिक बनाउनुपर्छ, त्यसका लागि दूधमा आत्मनिर्भर भएर मात्र पुग्दैन । किसानको मुहारमा खुशी ल्याउन र देशलाई नै समृद्ध बनाउन दूग्धजन्य उत्पादन विदेश निर्यात पनि गर्नुपर्छ । अनि मात्र समृद्धि र विकासको नाराले आकार लिन सक्छ ।**

# सादगीका अनुपम उदाहरण काका हो-चि-मिन्ह



**तीर्थराज खरेल**

कुनै पनि मुलुकको वर्तमान र भविष्य सुन्दर बनाउन सबल, सक्षम र सबैलाई डोऱ्याएर लैजाने पथप्रदर्शक नेतृत्वको खाँचो पर्छ । असल नेतृत्वको लसबैभन्दा महत्त्वपूर्ण गुण भनेको आदर्शवान चरित्र पनि हो । राज्यस्रोत दोहन गरेर अकूत सम्पत्ति कमाउने र राज्यकोषलाई बपौती सम्झने नेपाली शासकका लागि अर्ति, उपदेश र असल दृष्टान्तले खासै अर्थ राख्दैन । तर, संसारमा कैयौं आदर्श व्यक्तित्वहरूले इतिहासमा आदर्श र इमान्दारिताका अमिट इतिहास कायम गरेर गएका छन्, जसबाट हामीले नैतिक पाठ ग्रहण गर्न सकछौँ ।

सादा जीवनशैली र महान सोचका अब्बल अनुकरणीय व्यक्तित्वका रूपमा विश्वभर प्रसिद्धि कमाएका हो-चि-मिन्ह भियतनामी कम्युनिस्ट पार्टीका नेता, भियतनामी जनक्रान्तिका प्रणेता थिए । उनी कम्युनिस्ट क्रान्तिकारी, राष्ट्रवादी र अन्तर्राष्ट्रवादी थिए । हो ची मिन्ह को हुन् भन्ने प्रश्न इतिहासको एक महत्त्वपूर्ण बन्न सफल भएको छ । किनकि उनको व्यक्तित्वले विश्वको ध्यानाकर्षण गराउँछ । उनको नाम स्वतन्त्रताको लागि सङ्घर्ष गर्ने र निरन्तर सङ्घर्ष गर्ने प्रेरक व्यक्तित्वको रूपमा स्थापित भएको छ । उनको सोचमा जबसम्म स्वतन्त्रता प्राप्त हुन्न, तबसम्म सङ्घर्ष जारी रहनुपर्छ । हो ची मिन्हको रहस्यमय व्यक्तित्वलाई उनले पछाडि छोडेको असाधारण विरासतले उजागर गर्न सफल भएको छ ।

राष्ट्रपति हो ची मिन्ह भियतनामी स्वतन्त्रताको लागि अटल नेतृत्व, लचिलोपन र समर्पणको प्रतिमाको रूपमा खडा छन् । तसर्थ, भियतनामीहरूलाई हो ची मिन्ह को हुन् र उनले के गरे भनी प्रश्न सोधेमा सर्वसाधारण जनताले पनि सहजै जवाफ दिनेछन् । हो ची मिन्ह औपनिवेशिक शक्तिहरूको बिरूद्ध भियतनामको सङ्घर्ष र राष्ट्रको पुनर्मिलनको वास्तुकार थिए र स्वतन्त्र भियतनामका सर्वोपरि व्यक्तित्व थिए । ऐतिहासिक व्यक्तित्वहरू र प्रभावशाली नेताहरूले भरिएको संसारमा भियतनामको सबैभन्दा ठूलो राजनीतिक व्यक्तित्वका रूपमा स्थापित हुँदै हो ची मिन्हको व्यक्तित्व भियतनामको सीमा पार गरेर विश्वव्यापी छाप छोड्न सफल भएको छ ।

सम्पूर्ण राष्ट्रका नागरिक जीवन, स्वतन्त्रता र खुशीको खोजी चाहन्छन् । यो अमर कथन १७७६ सन्मा संयुक्त राज्य अमेरिकाको स्वतन्त्रताको घोषणामा गरिएको थियो । व्यापक अर्थमा, यसको अर्थ पृथ्वीमा सबै मानिसहरू जन्मदेखि समान छन्, सबै मानिसहरूलाई बाँच्ने, खुशी हुने अधिकार छ । सन् १७९१ मा भएको फ्रान्सेली क्रान्तिको मानव अधिकार र नागरिकको अधिकारको घोषणामा पनि भनिएको छ- सबै मानिसहरू स्वतन्त्र र समान अधिकारका साथ जन्मेका छन् र सधैँ सबैलाई स्वतन्त्रता र समान अधिकारहरू प्राप्त हुनुपर्छ ।

हो चि मिन्ह स्वतन्त्रताका पक्षपाती थिए । उनको वास्तविक नाम डुयेन टाट थान्ह थियो । भियतनामी जनताले उनलाई काका हो भन्ने गर्थे । मध्य भियतनामको अनामको किमलियन भन्ने गाउँमा निम्न वैतनिक कर्मचारीको परिवारमा १९ मे, १८९० मा जन्मेका हो चि मिन्ह भियतनाममा वर्षौंदेखि जारी रहेको फ्रान्सेली उपनिवेश विरोधी स्वतन्त्रता सङ्ग्रामका अग्रणी नायक थिए । जनवादी गणतन्त्र भियतनामको स्थापनाका मुख्य योजनाकार र नेतृत्वकर्ता नै उनै थिए ।

उनी भियतनामी जनताका आँखाका तारा थिए । उनी भियतनाम स्वतन्त्र भएदेखि सन् १९६५ सम्म राजकीय पदमा रहे, तर उनमा कहिले पनि व्यक्तिगत महत्त्वाकांक्षा र लोभलालसाले सताएन । सरल जीवन र उच्च विचारका उनी सच्चा उदाहरण थिए । सरलताका लागि महात्मा गान्धी र भी.आई.लेनिनसँगै होको पनि नाम लिइन्छ । उनको देहावसान ७९ वर्षको उमेरमा हृदयाघातबाट २ सेप्टेम्बर, १९६९ मा भयो ।

सन् १९४५, सेप्टेम्बर २ मा सम्राट बाओ डाइको गद्दी त्याग पछि हो-चि-मिन्हले भियतनाम स्वतन्त्रताको घोषणापत्र पढे, जनताले उनलाई नयाँ गणतन्त्रको राष्ट्रपति बनाए, जसको बिरुद्धमा फ्रान्स उभियो, फलस्वरुप भियतनामी फौज र फ्रान्सेली फौजको बीचमा हिंसात्मक झडप शुरु भयो । उपनिवेश लाद्ने मुलुकहरूले आफ्ना जनतालाई स्वतन्त्र भएको देख्न चाहेनन् र मार्शल लको घोषणा गरे भने क्रान्तिकारीहरुले आम हड्तालको आह्वान गरे । यही बेलामा दुई लाखभन्दा बढी चिनियाँ फौज हनोइ आइपुगेकोले होले बाध्य भएर फ्रान्सेली युनियन अन्तर्गत रहने गरी फ्रान्ससँग सम्झौता गर्नुपऱ्यो । सम्झौता अनुरूप फ्रान्सले चिनियाँ फौजलाई फिर्ता पठाउनुपर्ने थियो । चिनियाँ फौजले उत्तरी भियतनाम छोड्ने बित्तिकै युद्ध भड्कियो । युद्धमा जनतालाई उतार्न होले हौस्याएका थिए । उनले भनेका थिए- 'उपनिवेशवाद मर्दैछ । एसियाबाट उनीहरूको शासन सकिदैछ ।'

उनको योगदानको मूल्याङ्कन गर्दै सन् १९५७ मा आफ्ना सदस्य राष्ट्रहरुलाई युनेस्कोले विविध कार्यक्रमका साथ हो चि मिन्हको जन्म शताब्दी भव्यताका साथ मनाउन आह्वान गरेको थियो । राष्ट्रपति होको स्मृतिमा श्रद्धा व्यक्त गर्न युनेस्कोले त्यो आव्हान गरेको थियो । संस्कृति, शिक्षा र कलाको क्षेत्रमा होले पुऱ्याएको योगदान र भियतनामी जनताको मुक्तिको लागि आफ्नो सम्पूर्ण जीवन समर्पण गरी खेलेको अत्युच्च भूमिकाका साथै संसारका सबैका लागि उनले शान्ति, राष्ट्रिय स्वतन्त्रता, लोकतन्त्र र सामाजिक विकासका लागि उनको देनको स्मरण गर्नु आवश्यक रहेको युनेस्कोको भनाइ थियो । फ्रान्सेली उपनिवेशी शासनबिरुद्ध संघर्षको मुख्य रणनीतिकार हो नै थिए ।

जीवनमा शिक्षक, भान्से, जहाजको सहयोगी जस्ता सबै प्रकारका काम गरेका हो वास्तविक रूपमा श्रमिक वर्गका प्रतिनिधि थिए । सानैदेखि कुनै न कुनै प्रकारका क्रान्तिकारी गतिविधिमा लागेर उनले आफ्नो मातृभूमिको मुक्तिको लागि काम गर्ने अठोट लिएका थिए । उनी अमेरिका, रुस, बेलायत, फ्रान्स, हङकङ, थाइलैण्ड आदि देशमा जीवन यापनका क्रममा र क्रान्ति अगाडि बढाउने सिलसिलामा भ्रमण गरेका थिए । भियतनामीहरुले हो-चि-मिन्हको नेतृत्वमा फ्रान्सेली सेनाको बिरुद्धमा भियतनामका पहाड र धानका खेतहरूमा गुरिल्ला युद्ध लडे र अन्त्यमा सफल पनि भए ।



उनी भियतनाममा कम्युनिष्ट पार्टी र साम्यवादी शासन स्थापनाका मुख्य योजनाकार मात्र होइन, भियतनामी स्वतन्त्रता सङ्ग्रामका विशिष्ट पहलकर्ता पनि थिए । हो चि मिन्हका समर्थक र प्रशंसक संसारभरि नै थिए र आज पनि उनलाई श्रद्धाका साथ स्मरण गरिन्छ । नेपालमा पनि उनलाई अति आदरका साथ एक असल मानवका रूपमा स्मरण गर्ने क्रम जारी छ । नेपाली भाषाका सर्वप्रिय आधुनिक कवि भूपि शेरचनले हो-चि-मिन्ह भियतनामी जनताका मात्र नभएर विश्वकै न्यायप्रेमी जनताका लागि हिमाल जत्तिकै महान थिए भनेका थिए । कवि भूपि एक कवितामा हो चि मिन्हको योगदानको कदर गर्दै यसरी प्रशंसाका पद्य सृजना गर्छन्-

आशीर्वाद जस्तो सिरानीमा उभिएको
माछापुच्छे हिमालको छायाँमा उभिएर
म तिमीलाई सलामी दिन्छु
तिमीलाई पनि एउटा हिमाल मानेर ।
हो-चि-मिन्हलाई चिठीरभूपि शेरचन

('घुम्ने मेचमाथि अन्धो मान्छे'बाट)

बहुभाषाका ज्ञाता, बुद्धिमान लेखक, पत्रकार र शिक्षकको व्यावहारिक छबि बनाएका हो चि मिन्ह अत्यन्तै दयालु मानिस थिए ।

'हो-चि-मिन्हलाई चिठी' कवितामा भियतनामी जनता र हो चि मिन्हको विजयप्रति सुनिश्चित बन्दै कवि भूपि लेख्छन्-

आशीर्वाद जस्तो सिरानीमा उभिएको
माछापुच्छ्रेको छायाँमा उभिएर
प्रतिज्ञा जस्तो वरिपरि दृढ उभिएका पहाडहरूलाई
हातेमालो गरेर
म किरिया हाल्ने सामर्थ्यमा छु
जीत तिम्रो हुनेछ
जीत हाम्रो हुनेछ
अन्तरिक्षमा मर्ने कुकुरको शोकमा
गिर्जाघरमा रुने ढोङ्गी मानवता
धरतीमा गरेको हत्याको पछुतोमा
आत्महत्या गर्न बाध्य हुनेछ ।

नेपालमा केही पार्टी नेता यस्ता पनि छन्, जो व्यक्तिवादलाई हटाउन असमर्थ भएकोले हठी र घमण्डी छन् । साथै आफ्नो खुबीको तारिफ गरिरहन्छन् । उनीहरु अरुको आलोचना गर्छन् । तर, अरुले आफ्नो आलोचना गरेको भने मन पराउँदैनन् । उनीहरु आत्मालोचनालाई हटाउँछन् र विना इमान्दारी र बिना गम्भीरताले त्यसलाई व्यवहारमा प्रयोग गर्छन् । तिनीहरु आफ्नो मुख रातो होला र आफ्नो बेइज्जत होला भनेर डराउँछन् । तिनीहरुले जनताको रायप्रति ध्यान दिँदैनन् र अरुलाई हेला गर्छन् । तिनीहरु के बुझ्दैनन् भने आफ्नो काममा कुनै गल्ती नै नगर्नु गाह्रो छ । सम्भव गर्नबाट जोगिनुपर्छ, बरू त्यसलाई दृढतापूर्वक सच्याउन नसकिएला कि भनी डराउनुपर्छ । मपाईंत्व व्यक्तिवादको अनिवार्य परिणाम हो ।

मजदुर वर्ग र श्रमजीवी जनताका शक्तिहरु विशाल र असीमित छन् । तर, यदि उनीहरुले विजय प्राप्त गर्ने हो भने नेताले उनीहरुको नेतृत्व गर्नुपर्छ । त्यसका साथै यदि क्रान्तिमा विजय प्राप्त गर्ने हो भने पार्टी आम जनताको नजिक रहनुपर्छ र त्यसैले उनीहरुको दक्षतापूर्वक सङ्गठन र नेतृत्व गर्नुपर्छ क्रान्तिकारी नैतिकताको विकास गर्नुभन्दा सुख र गौरवको ठूलो स्रोतहरु के हुन सक्छ, जसले गर्दा समाजवादको निर्माण र मानव जातिको मुक्तिको लागि उचित योगदान गर्न सकियोस् । हाम्रो मुलुकका नेताहरु नोकरशाही र हुकुमवादबाट आक्रान्त छन् । राजनीतिक दल वा समुदायलाई असल बाटो देखाउने व्यक्ति, समाजमा नेतृत्व दिन सक्ने व्यक्ति, अगुवा, नाइके, बाटो देखाउने व्यक्ति नेता हो । नेताहरुले नीति बनाउने भएकाले उनीहरुको ठूलो महत्व हुन्छ । उक्त नीतिले बहुसंख्यक जनतालाई प्रभाव पार्छ । त्यसैले राजनीतिक नेतृत्वले सामाजिक परिवर्तनलाई आत्मसात गर्न सक्नुपर्छ ।

यतिबेला देशमा भरोसा गर्न योग्य नेता र नेतृत्वको अभाव महसुस भैरहेको छ । भियतनामी राष्ट्रपति हो ची मिन्हका उपलब्धिहरू बहुआयामिक र दूरगामी छन् । उनले फ्रान्सेली औपनिवेशिक शासनबाट स्वतन्त्रताको घोषणा गर्दै भियतनामको लोकतान्त्रिक गणतन्त्रको स्थापनामा निर्णायक भूमिका खेलेका थिए । उनका सरलता, इमान्दारिता, देशप्रेम र दृढ अठोट जस्ता व्यक्तिगत सद्गुणका कारण आज पनि उनी सबैका लागि प्रेरणाका स्रोत बनेका छन् । नेपालका कम्युनिष्ट र गैरकम्युनिष्ट सबै नेताहरुले हो-चि-मिन्हबाट सिक्ने हो भने सङ्क्रमणबाट गुज्रिरहेको हाम्रो मुलुकले निकास पाएर उन्नतिको सत्मार्गमा लाग्न सक्नेथियो । सादा जीवन र उच्च विचारमा होचिमिन्ह भारतका सर्वश्रेष्ठ अनुकरणीय व्यक्तित्वका छबि बनाएका महात्मा गान्धीजस्तै थिए । गान्धी जस्तै सरल, क्रान्तिप्रति प्रतिबद्ध, देशभक्त, महान् सोचका धनी हो चि मिन्ह सबैका लागि प्रेरणाका अनुशरणीय स्रोत हुन् र अझ विश्व कम्युनिस्ट आन्दोलनका अग्रणी व्यक्तित्व हुन् ।

*tirthakharel2028@gmail.com*

# डेंगुको लक्षण तथा यसबाट बच्ने उपाय

डेङ्गु एकप्रकारको ज्वरो हो । यो लामखुट्टेको टोकाइबाट सर्ने संक्रामक रोग हो । डेङ्गुको भाइरसबाट संक्रमित भएको एडिस एजिप्टाइ जातको पोथीले यो रोग सार्छ । यो रोग सार्ने लामखुट्टे ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा बढी पाइने गर्दछ । यसले स-साना पानी जमेका स्थानमा फुल पार्ने गर्दछ । खासगरी वर्षाको पानी जस्तै टिनका डब्बा, थोत्रा टायर, अलकत्रा वा मट्टीतेलका खाली ड्रम, फूलदानी गमला, पानीका ट्याङ्की आदिमा यसले फुल पार्दछ । शहरी क्षेत्रमा यस्ता वस्तुहरू पर्याप्त मात्रामा हुने भएकाले पनि यो लामखुट्टे शहरमा बढी देखिने गरेको पाइन्छ ।

डेङ्गु एडिस एजिप्टाइ र एडिस एल्वोपेक्टस नामक लामखुट्टेले टोकेर हुने तीव भाइसल संक्रमण हो । यो भाइरस डेङ्गु-१, डेङ्गु-२, डेङ्गु-३ र डेङ्गु-४ गरी चार प्रकारका हुन्छन् । एडिज लामखुट्टे कालो रङ्गो हुन्छ जसमा सेतो थोप्ला पनि देखिन्छ । यो लामखुट्टेले विशेषगरी दिउँसो टोक्ने गर्दछ । औलो उत्पादन गर्ने लामखुट्टे फोहोर पानीमा पाइने भए पनि डेङ्गु सार्ने लामखुट्टेले थुप्रै दिनदेखि हलचल नभएको स्वच्छ पानीमा फुल पार्छ ।

डेङ्गु रोग क्लासिक डेङ्गु हेमोरहेजीक र सोके सिन्ड्रोम गरी तीन प्रकारका छन् । डेङ्गी गल्तीले डेङ्गु भनी लेखिने ज्वरो लामखुट्टेको टोकाइ सर्ने र शितोष्ण र समशीतोष्ण भू-भागमा फैलिने रोग हो । यो रोग डेङ्गी भाइरसका कारण लाग्ने गर्दछ । सामान्यतयाः डेङ्गी भाइरसको संक्रमण भएको तीन दिनदेखि चौध दिनपछि यसका लक्षणहरू देखिन्छ । यसका प्रमुख लक्षणहरू ज्वरो आउने, टाउको दुख्ने, वान्ता हेन, मांसपेशी तथा जोर्नीहरूमा पीडा हुने र छालामा एक प्रकारको रातो दाग देखिने आदि हुन् ।

यो रोग निको हुन दुईदेखि सात दिनसम्म लाग्छ । केही बिरामीहरूमा यो रोग डेङ्गी हेमोरेजिक फिवर विकसित भएर रक्तश्राव हुन्छ र ज्यान नै जोखिममा पर्न सक्छ । यो अवस्थामा रक्तश्राव मात्र हुने नभई रगतमा प्लेटलेट्सको मात्रा कम हुने तथा रगतको प्लाज्मा खेर जाने हुन सक्दछ । त्यस्तै डेङ्गुको अर्को विकसित रूप हो । डेङ्गु सक सिन्ड्रोम पनि हो । यो अवस्थामा बिरामीको रक्तचाप घटेर खतरनाक अवस्थामा पुग्छ ।

**के हो डेङ्गु ?**

डेङ्गु भाइरसको संक्रमणले हुने रोग हो । यो भाइरस एडिस प्रजातिको कालो र सेतो रङ्ग मिसिएको छिरबिरे



पोथी लामखुट्टेको सार्छ । विश्वभर ट्रोपिकल मौसम भएका देशहरुमा यसको संक्रमण पाइन्छ । एशिया प्रशान्त क्षेत्रका नेपाल लगायत भारत, माल्दिभ्स, श्रीलङ्का तथा अफ्रिका र ल्याटिन अमेरिकामा यसको समस्या छ । सामान्यतया: यो रोग गर्मी मौसममा हुने भए पनि जलवायु परिवर्तनको असरले भाइरस बोक्ने लामखुट्टे जाडोमा पनि पाउन थालिएसँगै जाडो मौसममा पनि डेङ्गीको समस्या देखिन थालेको छ ।

**डेङ्गु ज्वरोका लक्षणहरु**

संक्रमित लामखुट्टेले टोकेको ४८ घण्टामा रगतमा भाइरस फैलिन्छ । यसका लक्षण देखिन ३ देखि १३ दिनसम्म लाग्न सक्छ । सामान्य रुघा खोकी लाग्ने, जोर्नी दुख्ने, आँखाका दाना दुख्ने, सरीरमा डाबर आउने, खानामा अरुचि हुने, जोनी तथा मांसपेशी दुख्ने यसका लक्षण हुन् । त्यस्तै पेट तथा आन्द्रामा गडबढी हुने यस रोगमा रगत जम्ने प्रक्रिया अव्यवस्थित भएर भित्री रक्त श्राव हुने समस्या पनि हुन सक्छ । यसरी आएको ज्वरो पाँचदेखि सात दिनसम्म रहिरहन सक्दछ । केही बिरामीमा शुरु मै सरीरभरी खटिरा आउँछन् । त्यस्तै शरीरमा डण्डीफोर जस्ता डावरहरु देखिन्छन् । ज्वरो आईरहेको अवस्थामा नाक तथा गिजाबाट तथा छालामुनि रक्तश्राव हुन सक्छ ।

**बच्ने उपाय**

सफा पानीमा बस्ने यो प्रजातिका लामखुट्टेले दिनमा टोक्छन् । यसबाट बच्न पानी छोपेर राख्ने, लामो समयसम्म पानी जमाएर नराख्ने, पानीलाई बिर्कोले छोपेर राख्ने तथा दिनमा देखिने लामखुट्टे नष्ट गर्ने विधि अपनाउनुपर्छ । सरीर पूरा ढाकिने गरी कपडा लगाउनु पर्छ । लामखुट्टेको टोकाइबाट बच्न मल्हम जस्ता सामग्रीको प्रयोग गर्नुपर्छ ।

झुलभित्र सुत्नुपर्छ । घर वरपर वा घरभन्दा बाहिर काम गर्न जाँदा लामखुट्टेले टोक्छ कि ध्यान पुऱ्याउनु पर्छ । झ्याल र ढोकामा जाली लगाएर बन्द राख्नुपर्छ । पानी राख्ने भाडाहरु जस्तै पानी ट्याङ्की, गाग्री, दहीको कतौरा, बाल्टिन, ड्रम आदि सँधैं छोपेर राख्नुपर्छ । लामखट्टेको नियन्त्रणका लागि घर वरपर पानी जम्न नदिन खाल्डा–खुल्डी पुर्नुपर्छ । घर आँगन सफा राख्नुपर्छ ।

यो लामखुट्टेले सफा पानीमा फुल पार्ने हुनाले लामो समयसम्म एउटै ठाउँमा पानी जम्मा गरेर राख्नु हुँदैन । पुराना टायर, पानी जम्न सक्ने भाँडाकुँडा, पुराना बट्टा खाल्डो खनेर नष्ट गर्नुपर्छ । गमला फूलदानी एअर कुलर जस्ता पानी जम्ने सामग्रीको पानी हप्तामा एक पटक नियमित रुपमा सुख्खा हुने गरी सफा गर्नुपर्छ । त्यस्तै खानेपानीको पाइप तथा ढलहरु चुहिने भएमा तुरुन्त मर्मतको व्यवस्था गर्नुपर्छ ।



**पुलमा सुकाएको बिस्कुन : सुनसरीको गढी गाउँपालिका–६ सत्तेरझोरास्थित बूढी खोलाको पुलमा किसानले सुकाएको मकै । सडक तथा पुलमा सुकाइएको बिस्कुनले सवारी दुर्घटनाको जोखिम बढेको छ ।** *तस्वीर : रासस*

# अर्जुनधारामा वाद्यवाधन तालिम

**अर्जुनधारा, जेठ २०।** अर्जुनधारा-१० नं. वडा कार्यालयको आयोजनामा सञ्चालन भएको तीन महिने वाद्यवाधन (तबला, मादल र हार्मोनियम) तालिम सम्पन्न भएको छ ।

गत चैत ७ गतेदेखि सञ्चालन भएको उक्त तालिम चालू आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रमको भाषा, कला र साहित्य प्रवर्द्धन कार्यक्रम अन्तर्गत आयोजना गरिएको वडासचिव त्रिविक्रम पोखरेलले जानकारी दिए ।

प्रशिक्षकद्वय अस्मिता गजुरेल र रेवतबहादुर मगरले प्रशिक्षण दिएको तालिममा तबला र मादलतर्फ २७ जना र हार्मोनियमतर्फ २४ जना गरी जम्मा ५१ जनाको सहभागिता रहेको बताइएको छ । तालिम अन्तर्गत प्रशिक्षक गजुरेलले हार्मोनियम र अर्का प्रशिक्षक मगरले तबला र मादल बजाउन सम्बन्धी प्रशिक्षण दिएका थिए ।



स्थानीय पञ्चकन्या मन्दिरको सभाहलमा वडाध्यक्ष भूपेन्द्र न्यौपानेको अध्यक्षता र अर्जुनधारा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तिलोचन रिमालको प्रमुख आतिथ्यमा आयोजित तालिम समापन कार्यक्रममा सहभागीहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

कार्यक्रममा सहभागीहरुले विभिन्न सांगीतिक धुनसँगै भजनकिर्तन प्रस्तुत गरेका थिए । वडा सदस्य सीता परियारले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन संयुक्तरुपमा वडा सचिव पोखरेल र सहभागी देवी बिष्टले गरेका थिए ।

# ‘व्यवसायी राहत कोष’मा सहयोग

**बिर्तामोड, जेठ २०।** बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको ‘व्यवसायी राहत कोष’का लागि रकम संकलन शुरु भएको छ ।

संघका कोषाध्यक्ष युवराज निरौलाले आफ्नो जन्मदिनको अवसर पारेर कोषमा ११ हजार एक सय ११ रुपैयाँ प्रदान गरे । बिर्तामोडका व्यवसायीलाई विपद् पर्दा सहयोग गर्ने उद्देश्यले संघले एक करोड रुपैयाँको व्यवसायी राहत कोष स्थापना गरेको हो । आफैंबाट रकम जम्मा गरेर कोष सञ्चालनको शुरुवात गरिएको कोषाध्यक्ष निरौलाले बताए ।

व्यवसायीको हितका लागि बिर्तामोड उद्योग वाणिज्य संघले एक वर्षभित्र कोषमा एक करोड रुपैयाँ जम्मा गर्ने लक्ष्य लिएको संघका अध्यक्ष राजु न्यौपानेले बताए । ‘जन्मदिनको अवसरमा संघका कोषाध्यक्ष आफैंले रकम जम्मा गरेर कोष सञ्चालनका लागि सक्रियता देखाउनुभएको छ । त्यसका लागि धन्यवाद दिन चाहन्छु’ -अध्यक्ष न्यौपानेले भने ।



# ९० हजार विदेशी पर्यटक भित्रिए

**झापा, जेठ २०।** सन् २०२४ को मे महिनामा ९० हजार विदेशी पर्यटक भित्रिएका छन् ।

नेपाल पर्यटन बोर्डले आइतबार सार्वजनिक गरेको तथ्याङ्क अनुसार मे महिनामा जम्मा ९० हजार दुई सय ११ जना विदेशी पर्यटकले नेपाल भ्रमण गरेका हुन् ।

सन् २०२३ को तुलनामा यस वर्ष पर्यटक आगमन १६ दशमलव १० प्रतिशतले वृद्धि भएको हो । सन् २०२३ को मेमा ७७ हजार सात सय तीनजना विदेशी पर्यटक नेपाल आएका थिए ।

कोभिड-१९ महामारी पूर्व ७८ हजार तीन सय विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । विदेशी पर्यटक आगमन उत्साहजनक रहेको बोर्डका निर्देशक मणिराज लामिछानेले बताए ।

विगतका महिनामा झैं यो पटक पनि सबैभन्दा बढी छिमेकी मुलुक भारतबाट ३८ हजार दुई सय ८८ जना पर्यटक नेपाल भित्रिएका छन् ।

सोही अवधिमा अर्को छिमेकी मुलुक चीनबाट आठ हजार तीन सय ८१ जना पर्यटक नेपाल आएका छन् । संयुक्त राज्य अमेरिकाबाट आठ हजार पाँच सय २७ पर्यटक नेपाल भित्रिएका छन् ।

# इनफिनाइट ग्रुपद्वारा एकदिने सेमिनार



**बिर्तामोड, जेठ २०।** बिर्तामोडमा अन्तर्राष्ट्रिय विश्वविद्यालयको बारेमा एक दिने सेमिनार सम्पन्न भएको छ ।

युकेमा रहेका बर्मिंघम सिटी युनिभर्सिटी र युनिभर्सिटी एफ इष्ट लन्डन विश्वविद्यालयका विषयमा प्रशिक्षण कार्यक्रम सम्पन्न हो । इनफिनाइट ग्रुपको आयोजनामा भएको कार्यक्रममा दुई वटा विश्वविद्यालयका प्रतिनिधिहरुले आफ्नो कलेजको बारेमा प्रकाश पारेका थिए ।

नेपाली विद्यार्थीले अध्ययन गर्न पाउने विषय, शैक्षिक प्रणाली, कानूनी अवस्था, शैक्षिक खर्च, रोजगारीको अवसर तथा त्यसका वातावरण लगायतका विषयमा प्रशिक्षण दिएका थिए ।

झापासहित कोशी प्रदेशका विभिन्न कन्सल्टेन्सीहरुका सञ्चालक तथा प्रतिनिधिहरुले विश्वविद्यालयका शैक्षिक अवस्था, शैक्षिक प्रणाली तथा नेपाली विद्यार्थीले पाउने अवसरका बारेमा जिज्ञासा राखेका थिए ।

इनफिनाइट ग्रुपका सीईओ एवम् संस्थापक गौरव बत्राले विश्वविद्यालयका बारेमा जानकारी गराएका थिए । उनले नेपाली विद्यार्थीले अपनाउनुपर्ने प्रक्रिया, विषय वस्तु लगायतका बारेमा जानकारी गराएका थिए ।

नेपालका विभिन्न प्रदेशहरुमा प्रशिक्षण प्रदान गर्ने उद्देश्यका साथ पूर्वका कन्सल्टेन्सीहरुलाई लक्षित गरेर एकदिने कार्यक्रमको आयोजना गरेको इनफिनाइट ग्रुपकी डाइरेक्टर इला स्वारले जानकारी दिइन् ।

कार्यक्रममा इक्यान झापाका अध्यक्ष रोशन सुवेदी, इक्यान झापाका संस्थापक अध्यक्ष सुमन शर्मा जमरकट्टेल लगाायतको आतिथ्य रहेको थियो ।

कार्यक्रममा झापाका कन्सल्टेन्सीका सञ्चालक तथा प्रतिनिधिहरुको सहभागिता रहेको इक्यान झापाका कार्यसमिति सदस्य तुलसी पाठकले जानकारी दिए ।

नेपाल शैक्षिक परामर्श संघ इक्यान झापाले विभिन्न संघ-संस्थासँग समन्वय गर्दै शैक्षिक सेमिनारहरु गर्दै आएको सचिव अशोक भण्डारीले जानकारी दिए ।

# मुढेघारमा मौरीपालन गर्न बाध्य किसान

**भोजपुर, जेठ २०।** प्रशस्त मात्रामा वन क्षेत्र भएकाले भोजपुरको माथिल्लो भेगलाई मौरीपालनका लागि निकै उपयुक्त मानिन्छ ।

यहाँका वन क्षेत्र आसपासमा रहेका बस्तीका स्थानीयले परम्परागत (मुढेघार) मौरीपालन गरिरहेका छन् । आधुनिक मौरीपालनका बारेमा जानकारी नहुँदा किसान परम्परागतरुपमा मौरीपालन गर्न बाध्य भएका हुन् । जिल्लाको टेम्केमैयुङ-५ मझौलेका स्थानीयवासी दिपक विष्टले विगत २४ वर्षदेखि परम्परागतरुपमा मौरीपालन गर्दै आएका छन् ।

मुढेघारमा उनका २० घारमौरी छन् । आधुनिक प्रविधिका विषयमा जानकारी नहुँदा बाउबाजेबाट सिकेको सीपलाई अवलम्बन गरेर मौरीपालन गरिरहेको उनले बताए । आवश्यक तालिम तथा आधुनिक सीपको अभाव हुँदामा परम्परागत मौरीपालनमा समस्या हुने गरेको उनको भनाइ छ ।

‘विगत २४ वर्षदेखि मौरीपालन गरिरहेको छु । स्वदेशमा स्वरोजगार बन्ने लक्ष्यले यो व्यवसायमा लागेको हुँ । लामो समयदेखि यस व्यवसायमा जोडिए पनि राज्यकोतर्फबाट हालसम्म सहयोग पाएको छैन’ -बिष्टले भने- ‘आधुनिक प्रविधिबाट पालन गर्नसके अझ राम्रो हुन्थ्यो । राज्यको कुनै पनि निकायबाट यस्तो सीप लिने अवसर पाएको छैन ।’ मौसम अनुसार एक वर्षमा दुईदेखि तीन पटकसम्म मह निकाल्न सकिने उनले जानकारी दिए ।

सिजनमा एकपटकमा ८० देखि ९० केजीसम्म मह निकाल्न सकिने व्यवसायी बिष्टले बताए । मह स्थानीय बजारमा प्रतिकेजी एक हजार पाँच रुपैयाँमा बिक्री हुने गरेको उनको भनाइ छ । उत्पादित महको बजारीकरण नहुँदा सोचे अनुसारको आम्दानी लिन समस्या भएको उनले बताए ।



‘लेकाली भेगको जडीबुटीको मह भएकाले औषधिजन्य गुण बढी हुन्छ’ -उनले भने- ‘उत्पादित महलाई स्थानीय बजारमा बिक्रीवितरण गरिरहेको छु । बजारीकरण राम्रो हुने हो भने यसबाट राम्रो आम्दानी लिन सकिन्छ ।’

राज्यकोतर्फबाट आवश्यक सहयोग, तामिलसँगै प्राविधिक ज्ञान पाएमा थप सहज हुने उनको भनाइ छ । आधुनिक घारमा मौरीपालन गर्ने सोच भए पनि राज्यको निकायबाट कुनै पनि सहयोग पाउन नसकेको उनको दुखेसो छ । राज्यबाट आउने अनुदान तथा अन्य सहयोग वास्तविक किसानसम्म पुग्न नसकेको उनको भनाइ छ ।

टेम्केमैयुङ-४ लुङ्गिनका कृषक रामकुमार राईले २५ वर्षदेखि परम्परागतरुपमा मौरीपालन गर्दै आएका छन् । उनले २८ वटा मुढेघारमा व्यावसायिकरुपमा मौरीपालन गरिरहेको बताए । एक सिजनमा सबै घारको मह झिक्दा एक सय केजीसम्म मह सङ्कलन हुने उनको भनाइ छ ।

महको बजारीकरणमा समस्या रहेको भन्दै उत्पादित महलाई ब्रान्डिङ गरेर बाह्य बजारमा पठाउन सके मनग्ये आम्दानी लिन सकिने राईले बताए । ‘विगत २५ वर्षदेखि मौरीपालन गर्दै आएको छु । सबै घारलाई काड्दा एकपटकमा एक सय केजीसम्म उत्पादन हुन्छ’ -उनले भने- ‘बजारीकरणमा समस्या छ, यसलाई ब्रान्डिङ गरेर बेच्न स्थानीय तह तथा सरोकार भएकाले पहल गर्नुपर्छ ।’ पराम्परागत घारमा मौरीपालन गर्दा भाग्ने जोखिम बढी हुने उनको भनाइ छ ।

आधुनिक मौरीपालनको विषयमा ज्ञान नहुँदा बाध्य भएर पराम्परागतरुपमा पालन गरिरहेको राईले बताए । ‘मुढेघारमा मौरीपालन गर्दा जोखिम बढी हुन्छ’ -उनले भने- ‘घारमा लगाएको मौरी भाग्ने सम्भावना बढी हुन्छ । भागीहाल्यो भने परिश्रम त्यसै खेर जान्छ । आधुनिक रुपमा मौरीपालन गर्ने रहर भए पनि त्यसको विषयमा जानकारी छैन । राज्यले हामी जस्ता किसानलाई प्रोत्साहनको कार्यक्रम सञ्चालन गरिदिए व्यवसायमा थप टेवा पुग्ने थियो ।’

मौरीपालनका लागि घमाइलो र नजिक वन जङ्गल भएको ठाउँ उपयोगी हुने किसान राईको भनाइ छ । आफूले पालेको मौरीले वन जङ्गलबाट मह सङ्कलन गर्ने भएकाले चरणमा लगेर सङ्कलन गरेको महभन्दा बढी लाभदायक हुने उनले बताए । ‘हाम्रो ठाउँको मौरीको चरण क्षेत्र नै जङ्गल हो । जङ्गलबाट विभिन्न बोट बिरुवासँगै जडीबुटीबाट मह सङ्कलन गर्ने भएकाले चरण लगेर सङ्कलन गरेको महभन्दा धेरै लाभदायक हुन्छ’ -राईले भने- ‘कुनाकाप्चाको ठाउँ भएकाले हामीले यसको विषयमा सबैलाई बुझाउन सकेका छैनौं । राज्यले यस्ता अर्गानिक उत्पादनको बजारीकरणमा ध्यान दिए सहज हुने थियो ।’


## बराल ट्याक्सी सर्भिस

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१६९४०१७३

मे १ ज १६७०


# प्राविधिक जनशक्ति उत्पादन गर्ने छात्रवृत्ति

**ताप्लेजुङ, जेठ २०।** ताप्लेजुङको पाथीभरा याङवरक गाउँपालिकाले कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्न चाहने विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरेको छ ।

दक्ष प्राविधिक जनशक्ति उत्पादनमा सघाउने उद्देश्यले गाउँपालिकाले छात्रवृत्तिको व्यवस्था गरेको हो । गाउँपालिकाले विगत तीन वर्षदेखि विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आएको पाथीभरा याङवरक गाउँपालिकाका शिक्षा शाखा प्रमुख लाप्साङ तामाङले बताए । गाउँपालिकाले चालू आर्थिक वर्षमा छात्रवृत्तिका लागि आवेदन माग गरेको छ । गाउँपालिकाभित्र विज्ञान विषय पठनपाठन हुँदैन ।

विज्ञान विषय पढ्न गाउँपालिका बाहिर जानुपर्ने अवस्था छ । विद्यार्थीले प्राप्त गरेको अङ्कको आधारमा एक शैक्षिक सत्रमा २० हजार रुपैयाँदेखि ६० हजार रुपैयाँसम्म छात्रवृत्ति प्रदान गरिने शिक्षा शाखाले जनाएको छ । चालू आर्थिक वर्षका लागि गाउँपालिकाले पाँच लाख विनियोजन गरेको शाखा प्रमुख तामाङले बताए ।


उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

**सम्पर्क :**
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नपा– ४, झापा

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२
९८०१३६४०९३

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्क :
देवराज गिरी ९७०६१९६४०६, ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११, ९८४२७३३६१२

## हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही **जेठ २६ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।

**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**समय : बिहान ८:०० देखि ३:००**

**स्पार्क पूर्वाञ्चल अस्पताल,**
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३–५३०१२३, ९७६२९००२८८, ९८१४०३२६६२




**ज्यो. पं. खेमप्रसाद पौडेल**
**फोन सम्पर्क ९८५११५४६९९**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** बोलिमा विचार पुर्‍याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्नेछ, माया-प्रेमको डोरो कसिलो भएर जानेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला, आफ्ना बाट टाढिनुपर्ने स्थिति आउन सक्छ, अवसरका लागि निक्कै दौडधुप गर्नुपर्ने समय रहेको छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** तपाईको मन अशान्त र निराश रहन सक्छ, स्वास्थ्यमा समस्या देखिनेछ, व्ययभार धान्न नसकेर मन चिन्तित रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नेछ, मन हर्षित हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** सन्तानबाट राम्रो खबर सुन्न पाइनेछ, लामो दुरीको यात्रा हुनेछ, हतारको निर्णयले काम बिग्रन सक्छ, आम्दानीको लागि कडा परिश्रम गर्नुपर्नेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** खर्चको मात्रा बढेर जानेछ, टाउको सम्बन्धी समस्या बढ्न सक्छ, आफन्तको सहयोगले गरेको काममा सफलता मिल्नेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** अनावश्यक झन्झटमा परिन सक्छ, धर्मकर्ममा रूची बढेर जानेछ, काम शुरूवात गर्नुअघि कुलदेवताको सम्झना गर्नुहोला, नयाँ कामको खोजीमा समय बित्नेछ ।